CIVIC ACTION TEAMS

## Nepal Coronavirus CivActs Campaign

अंक #५३

०१ ।५ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# महामारीको समयमा अस्पतालमा लैंगिक हिंसा पीडितहरूको पहिचान र व्यवस्थापन विधि

०१ जुनसुकै अवस्थामा पनि लैंगिक हिंसा पीडितको सेवालाई निरन्तरता दिने ।

०२ अस्पतालमा उपचारको क्रममा हिंसा भएको कुरा पहिचान भएमा तुरुन्त एकद्वार संकट व्यवस्थापन केन्द्रलाई जानकारी गराउने ।

०३ कानुनी उपचारको लागि प्रहरीमा उजुरी गर्ने ।

०४ लैंगिक हिंसा पीडित व्यक्तिलाई अस्पतालको आईसोलेशनमा राख्नुपर्ने भएमा निजलाई आवश्यक पर्ने मनोसामाजिक परामर्श र अन्य सहयोग फोन मार्फत उपलब्ध गराउने ।

०५ पीडित बैकल्पिक हेरचाह आवश्यक पर्ने बालबालिका हो भने, स्थानीय सरकार वा सहयोगी संस्थालाई जानकारी गराई सहयोग लिने ।

०६ आफु माथी भएको हिंसा वा दुर्व्यवहारको सम्बन्धमा कुरा राख्ने वातावरण बनाउन संरक्षणका उपाय अवलम्बन गर्ने ।

स्रोत: https://cutt.ly/md4HIlm

# नेपाल अपडेट



व्यास नगरपालिकाभित्रका एम्बुलेन्स चालकहरुको कोरोना परीक्षणका लागि स्वाब संकलन गर्दै स्वास्थ्यकर्मीहरु

तस्बिर: शैलेन्द्र मिश्र

**परिक्षण**

पिसिआर परिक्षण: ५,२९,४२७

पोजेटिभ: २७,२४१

उपचाररत: ९,६३९

मृत्यु : १०७




accountabilitylab NEPAL

# हल्ला र तथ्य



बढी उमेर पुगेका व्यक्तिलाई त कोभिड - १९ संक्रमण हुँदा पनि ज्वरो आउँदैन रे । कसरी थाहा पाउने संक्रमण भएको ।

बढी उमेर पुगेका ज्येष्ठ नागरिकलाई कोभिड - १९ संक्रमण हुँदा पनि ज्वरो नै आउँदैन भन्ने हैन । ज्येष्ठ नागरिकमा सामान्य तापक्रम नै वयस्कको तुलनामा कम हुनसक्ने कारणले पनि ज्वोरो आउँदा समेत तापक्रम १०० डिग्री फरेनहाईट भन्दा कम देखिन सक्छ । ज्येष्ठ नागरिकमा एक पटक पनि तापक्रम १०० डिग्री फरेनहाईट भन्दा माथी भएमा, धेरै पटक तापक्रम ९९ डिग्री फरेनहाईट भन्दा बढी देखिएमा वा साविकको तापक्रम २ डिग्रीभन्दा माथि पुगेमा यसलाई संकासपद लक्षणको रुपमा लिन सकिन्छ ।

स्रोत: https://drive.google.com/file/d/1K7qNhAkzB2CGvFSIKe8WusjN_edHgCky/view



सरकारले लक्षित वर्गका बिरामीलाई कोभिड - १९ महामारीको समयमा पनि सेवा प्रवाहको व्यवस्था मिलाउनु भनेकोछ । यो दक्षित वर्गमा चाही को को पर्दछन् ?

लक्षित वर्गका बिरामी भन्नाले सामाजिक सेवा इकाइ स्थापना तथा सञ्चालन निर्देशिकाले तोकेका अति/गरिब, असहाय, अपांगता भएका परिचय पत्र वाहक व्यक्ति, ज्येष्ठ नागरिक (परिचय पत्र वाहक), लैंगिक हिंसा पीडित, विपद् एवम् प्राकृतिक प्रकोप -महामारी, भूकम्प, बाढी, पहिरो, आगलागी आदी) बाट पीडित, दुर्घटनामा परेका अभिभावक नभएका विरामी, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाती आदीलाई सम्झनु पर्दछ ।

स्रोत: https://cutt.ly/7d4JXD7



काठमाण्डौ उपत्यकामा कोरोनाको संक्रमण बढेसंगै सार्वजनिक सेवा ठप्प छ । वैदेशिक रोजगारी सम्बन्धी उजुरी कसरी पेश गर्नेहोला ?

सम्बन्धित व्यक्तिले उजुरी दिनुपर्दा स-प्रमाण सहित वैदेशिक रोजगार विभागको ई-मेल ठेगाना info@dofe.gov.np र monitoring@dofe.gov.np मा मात्र पेश गर्नुपर्ने छ । राहत उद्दार शाखाबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी सिफारिस लिन तथा उद्धारको लागि निवेदन पेश गर्न विभागमा आउनै पर्ने अवस्थाका सेवाग्राहीले मात्र स्वास्थ्य मापदण्ड अनिवार्य पालना गरी कार्यालयबाट सेवा लिन सक्नेछन् ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/155/lan/ne-NP



कर्णाली प्रदेशमा राती प्रवेश गर्न रोक र दिँउसो प्रवेश गर्न पीसीआर रिपोर्ट अनिवार्य गरिएको हो ?

कर्णाली प्रदेश विपद् व्यवस्थापन केन्द्रको बिहीबार बसेको बैठकले कोरोनाको जोखिमबाट बच्न स्वदेश तथा विदेशबाट आएका नागरिकलाई राति प्रवेश गर्न नदिने र दिउँसो प्रवेशका लागि तीन दिन अघिको पीसीआर परीक्षणको रिपोर्ट अनिवार्य गर्ने निर्णय गरेको हो । यो निर्णय २०७७ भदौ १ गतेबाट लागु गरिने पनि जनईएको छ । त्यसै गरेर, कर्मचारी र जनप्रतिनिधि पनि कर्णालीबाट अत्यावश्यक तथा सरकारी कामले जाँदा र भित्रिँदा पीसीआर परीक्षण गराएर मात्र आवतजावतको व्यवस्था मिलाउन बैठकले निर्देशन दिइएको छ ।

स्रोत: https://www.facebook.com/cm.karnali/photos/

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

### साउदी अरव
३,३४,४५१ नेपाली
२,९८,५४२ संक्रमित
१८७५ नेपाली संक्रमित
११ मृत्यु भएका नेपाली

### कुवेत
७१,१९३ नेपाली
७६,२०५ संक्रमित
१६५० नेपाली संक्रमित
७ मृत्यु भएक नेपाली

### बहराईन
२६,००० नेपाली
४६,८३५ संक्रमित
४५१ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली

### कतार
४,०६,९१७ नेपाली
१,१५,०८० संक्रमित
२२,५०० नेपाली संक्रमित
१६ मृत्यु भएका नेपाली

### युएई
२,२४,९०५ नेपाली
६४,३१२ संक्रमित
२४०० नेपाली संक्रमित
३० मृत्यु भएका नेपाली

### ओमान
१७,०५७ नेपाली
८३,२२६ संक्रमित
४५ नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

### मलेसिया
५००,००० नेपाली
९,२१२ संक्रमित
८१ नेपाली संक्रमित

### दक्षिण कोरिया
३८,८६२ नेपाली
१५,५१५




स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यू.ए.ई.मा ३ महिनाको लागि आममाफी थपियो

यू.ए.ई.ले कोरोना भाईरसको प्रभावको बेला ३ महिनाको Amnesty (आममाफी) दिएको थियो । यो आममाफी अरु ३ महिनाको लागि थपिएको छ । भिजिट भिषा, टुरिष्ट भिषा, र रेसीडेन्सी भिषा भएका र १ मार्च, २०२० भन्दा पहिले भिषा सकिएकाहरु यसमा सहभागी हुन सक्नेछन् ।

आममाफीको समय १७ नोभेम्वर, २०२० सम्म रहने छ । पहिले यसको म्याद १८ अगाष्ट, २०२० सम्म मात्र थियो ।

आममाफी पाएका र रेसिडेन्सी भिषा भएकाहरु सिधै पासपोर्ट र टिकेट लिएर एयरपोर्ट जान सक्नेछन् । भिजिट भिषा र टुरिष्ट भिषा हुनेहरु भने दुबाईमा ४८ घण्टा पहिले, सारजाह, आबुधाबी, रास-अल खैमामा उडान हुनु भन्दा ६ घण्टापहिले नै पुगेर Clear गर्नुपर्दछ ।

१ मार्च, २०२० पछी भिषा सकिएकाहरुको हकमा भने यो नियम लागू हुने छैन ।

आममाफीसँग सम्बन्धित अन्य  कुनै जिज्ञासा भएमा टोल फ्री नंम्बर ८००४५३ मा सम्पर्क गर्नु सक्नुहुन्छ।

श्रोत: Khaleej Times

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM),  Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्व ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड निकासा**

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## आ.व. २०७५/७६ सात वटै प्रदेशमा भएको बेरुजुको तुलनात्मक अध्ययन




| प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|
| ४.८३% | ७.०९% | २.४६% | ६.८८% | ३.१३% | २.७२% | ३.८७% |

हरेक प्रदेशको जम्मा लेखा परीक्षण भएको रकमको बेरुजु प्रतिशत

# $ फलो द मनी - खर्चको अर्थ

## हरेक प्रदेशका विकाससंग सम्बन्धित मन्त्रालयमा भएको बेरुजु प्रतिशत




| प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|
| ९७.५८% | ८४.४७% | ९९.९०% | ९९.७५% | ९९.४०% | ९९.५५% | ९४.७०% |

हरेक प्रदेशमा मन्त्रालयगत विकासमा भएको जम्मा बेरुजु प्रतिशत

सबै तहकोमा बेरुजु कम गर्नु सरकारको प्रमुख समस्या हो । नेपालमा संघियता कार्यान्वयन् भएदेखी नै प्रदेश सरकारको आर्थिक व्यवस्थापन संघिय सरकार भन्दा कसरी भिन्न बनाउने भन्ने बहस सुरु भएको छ । प्रदेश सरकारका अधिकांस निर्वाचित प्रतिनिधिले संघिय सरकार भन्दा प्रभावकारी तवरले स्रोतसाधनको व्यवस्थापन गर्ने भनेकाथिए । यद्यपी, वित्तिय व्यवस्थापनका लागि मात्र मापदण्ड बनाउनुपर्छ भन्ने हैन, तर वित्तिय व्यवस्थापन हुनु भनेको समग्र व्यवस्थापनमा टेवा पुग्नु भने अवश्य हो । तसर्थ, प्रत्येक प्रदेशमा देखिएको बेरुजुले त्यहाँको वित्तिय व्यवस्थापनको अवस्था कस्तो छ भन्ने देखाउँछ ।

माथिको ग्राफमा विकाससंग सम्बन्धित कार्य गर्ने मन्त्रालयहरु (भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, प्रयटन तथा बन मन्त्रालय, भूमि सुधार, कृषि तथा सहकारी मन्त्रालय)को बेरुजु प्रतिशत र ति मन्त्रालयको जम्मा लेखापरीक्षण भएको रकमको तुलना गरिएको छ । यि मन्त्रालयहरुले प्रदेशको विकास सम्बन्धी कार्यहरु गर्दछन् । उनिहरुको आर्थिक अवस्थाले सम्पूर्ण प्रदेशको विकासलाई असर गर्दछ । प्रदेश नं. २, गण्डकी प्रदेश र प्रदेश नं. १ का विकास सम्बन्धी कार्य गर्ने मन्त्रालयमा मात्र धेरै बेरुजु भएको देख्न सकिन्छ । यस बाहेक, विकाससंग सम्बन्धित मन्त्रालयमा मात्र जम्मा बेरुजुको १०० प्रतिशत बेरुजु देखिनुले सबै प्रदेशको विकास कार्यमा यसले असर गरेको छ भन्ने देखाउँछ ।

त्यसै गरेर, ठुलो मात्रामा अग्रिम भुक्तानि लिएको देखिनु चिन्ताको विषय हो । पेश्की फछ्र्योटलाई आर्थिक उत्तरदायित्वको रुपमा हेरिनुपर्दछ । पेश्कीमा बढी बेरुजु देखिनुमा कर्मचारीहरु बढी जिम्मेवार देखिन्छन् । सबैखाले अग्रिम भुक्तनिहरु आर्थिक वर्ष सकिनुपूर्व मिलान गरिसक्नुपर्ने हुन्छ । यद्यपी, माथीको ग्राफलाई हेर्ने हो भने, कुनै पनि प्रदेशले यसको पालना गरेको देखिदैन ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस्



## आरती मेस्तर

सरसफाई कर्मचारी, जलेश्वर अस्पताल

"म जलेश्वर अस्पतालमा सरसफाई कर्मचारी छु । मेरो श्रीमान लक्ष्मण मेस्तर अहिले कोभिड - १९ अस्पतालको आइसोलेशनमा सरसफाई गर्छन । घरमा बच्चाहरु छन् । श्रीमान र श्रीमती दुबै अस्पतालको सरसफाईमा काम गर्ने भएकोले कार्यक्षेत्रमा मात्र नभई घरमा समेत कोरोना भाइरसको डरले सताउने गर्दछ । त्यसैले काम सकेर घर जाँदा घरमा आफ्नो सरसफाई बढी ध्यान दिने गर्दछु । स्पतालमा घरबाटै ल्याएको कपडा लगाएर सरसफाई गर्दा जोखिम बढी हुन्छ भन्ने कुरा मलाई थाहा छ, तर सरसफाई गर्दा लगाउनुपर्ने छुट्टै कपडाको लागि अस्पतालाई आग्रह गरेपनि दिइएको छैन ।"

## भरत ठाकुर

हेल्थ असिस्टेन्ट, जलेश्वर कोभिड - १९ अस्पताल



"शुरुका दिनहरुमा संक्रमितका आफन्तहरु अस्पतालमा आएर आइसोलेसनमा रहेकालाई भेट गराइदिन भन्थे । त्यसरी भेट गर्न दिनु जोखिमपूर्ण छ भन्ने हामीलाई त थाहा हुन्थ्यो तर, उनिहरुलाई बुझाउन धेरै समय खेर फाल्नु पर्दथ्यो । भेट गराउन नसकिने जानकारी दिँदा झगडा गर्न आउँथे । बिस्तारै कोरोनाभाइरसबारे तथ्य बुझ्न थालेपछि अब मानिसहरु आफन्तसँग भेटघाट गराइदिन भन्न छोडेका छन् । हामी आफै पनि जोखिममा छौं । तर, फेरी हामीनै डराएर भागे यो समयमा बिरामीलाई कस्ले हेर्ला भन्ने लाग्छ । त्यही उत्प्रेरणाले काम गरिरहेका छौं ।"



## मायानाथ सिलवाल

जनप्रतिनिधि, ज्वालामुखी - ७, धादिङ

"जति बेला त्रसित हुनुपर्ने अवस्था थिएन, त्यती बेला स्थानीयले सडकहरु आफै बन्द गर्ने, सडकमा बार लगाउने गर्दथे । तर, अहिले कोरोना घर आगनमै आइपुगेको छ । ज्वालामुखिमा नै ३३ जनामा कोरोना संक्रमण पुष्टि भईसकेको छ । यति बेला स्थानीयको सोचाईमा कोरोना रोकथा सरकार र जनप्रतिनिधिले मात्र गर्नुपर्छ भन्ने भएकोले व्यवस्थापनमा समस्या आइरहेको छ । जनप्रति( नधि सरकार र स्थानीयको सहकार्यले मात्र कोरोना न्यूनीकरण गर्न सकिन्छ भन्ने हामीले बुझेका छौ र यसै अनुरुप क्वारेन्टाइन व्यवस्थापन लगायतका प्रयासमा लागिरहेका छौं ।"

# कोभिड - १९ का कारण मानसिक स्वास्थ्यमा असर



विश्वव्यापी कोरोना भाईरसको प्रभाव फैलिएसंगै मान्छेको मानसिक स्वास्थ्यमा पनि यसले त्यतिकै असर गरेको छ । प्राय जसो विद्यालय, यातायात सेवा, होटल, व्यवसाय, उद्योगहरु र अन्य कार्यहरु ठप्प भएकाछन् । कोभिड - १९ को प्रकोप र त्यसपछिको लकडाउनको कारणले सामाजिक, मानसिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमात्र हैन, त्यसले देशको अर्थतन्त्रमा समेत भारी असर गर्नेमा दुईमत छैन । त्यसै गरेर, दैनिक ज्यालादारीमा निर्भर व्यक्तिहरुको दैनिकि दिनानुदिन जटिल बन्दै गईरहेको छ ।

कोभिड - १९ कै कारणले लकडाउनको चार महिनाको अवधिमा नेपालमा २००० भन्दा बढी व्यक्तिले आत्महत्या गरिसकेकाछन् । घरेलु हिंसा, उत्पीडन, बलात्कार, भ्रष्टाचार, शोषण, सामाजिक लान्छना लगायत थुप्रै घटनाहरु सञ्चार माध्यमहरु मार्फत बाहिर आईरहेकाछन् । अन्ततः यस्ता किसिमका समस्याले मानसिक स्वास्थ्यमा प्रतिकुल असर गर्दछ । त्यसैले अहिलेको अवस्थामा मनोसामाजिक परामर्शको आवश्यकता पनि बढ्दै गईरहेको छ । नेपालमा कोभिड - १९ को संक्रमण बढेसंगै मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्बन्धी निम्न समस्याहरु देखिएकाछन् ।

१. अत्याधिक डर त्रास र चिन्ता बढ्नु ।
२. रिस उठ्नु, निरास हुनु र एक्लोपना महसुस हुनु ।
३. कन्फ्युजन हुनु तथा ध्यान केन्द्रित गर्न नसक्नु ।
४. खाने बानि व्यवहारमा परिवर्तन आउनु ।
५. अत्याधिक धुम्रपान, मद्यपान तथा लागुपदार्थ सेवन गर्नु ।
६. निन्द्रा खल्बलिनु र थकित महसुस गर्नु ।
७. दैनिक समस्या र तनावको सामना गर्न असमर्थ हुनु र अधिक कल्पनामा डुब्नु ।
८. व्यक्तिलाई बुझेर परिस्थितिको सामना गर्न नसक्नु ।
९. अत्याधिक बेमेल वा हिंसा बढ्नु ।
१०. आत्महत्या गर्ने सोच आउनु ।



कोभिड - १९ महामारी र यसले सृजना गर्ने तनावलाई व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा नागरिकलाई सुसूचित गर्न निम्न कुराहरु गर्न सकिन्छः



१. सत्य तथ्य जानकारीमात्र प्रवाह गर्ने ।
२. आवश्यकता पहिचान गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।
३. दैनिक कार्ययोजना बनाउने र घरमा सुरक्षित बस्ने ।
४. परिवारका सदस्यसंग बढी समय बिताउने र सहयोग गर्ने ।
५. तथ्यांक संकलन र अधावधिक अवस्थाको अपडेटका लागि युवा परिचालन गर्ने ।
६. सुरक्षा र सचेतना फैलाउन भर्चुअल कार्यक्रम सञ्चालन गर्ने ।
६. परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने ।
७. परिवारका सदस्य र अन्य व्यक्तिको हेरचाह गर्ने, उनिहरुको कुरा सुन्ने र मनोचिकित्सकको सल्लाह लिने ।

कुशुम केसी, लेखक जनस्वास्थ्यका विद्यार्थी हुन्

सही सूचना

# कोभिड - १९ बाट मृत्यु हुने पहिलो १० जनालाई हेर्दा बढी उमेर समुहको संख्या धेरै

## उमेर समुह अनुसार नेपालमा कोभिड - १९ बाट मृत्यु हुने पहिलो १०० जना




माथिको ग्राफले उमेर समुह अनुसार नेपालमा कोभिड - १९ बाट मृत्यु हुने पहिलो १०० जनाको तथ्यांकलाई देखाउँछ । प्राय जसो संक्रमितहरु ४० वर्ष भन्दा कम उमेर समुका भए पनि, उच्च मृत्युदर भने ४० देखी ४९ वर्ष उमेर समुहको छ । सबै भन्दा थोरै मृत्युदर २० वर्ष भन्दा कम उमेर समुहको छ । प्राय मृतकहरु पहिलेदेखी नै अन्य रोगले ग्रासितहरु रहेकाछन् । तथ्यांक अनुसार वयस्क र बढी उमेरका धेरै व्यक्तिको मृत्यु भएकोले, त्यस उमेर समुहका व्यक्तिहरु बढी सचेत हुनुपर्ने देखिन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि अगस्त महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs